# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०१।२१ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी, सार्वजनिक सम्पत्ति हानिनोक्सानी र सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८१।०१।२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. कलानन्द माझी, शेखर माझी , प्रभात शाही र मिनराज शर्मा** (वि.अ. को मु.नं. **०७८-CR-००७५**), वि.अ. को फैसला मिति २०८०/०५/०७) | **सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको।** | **कलानन्द माझी**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा ऐ.ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन र मिनराज शर्मा, प्रभात शाही र शेखर माझीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसूरको मतियार भई ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याशं बमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरु मिनराज शर्मा, प्रभात शाही र शेखर माझी उपर सोही ऐनको दफा ११ ले हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादी कलानन्द माझीलाई हुने सजाय बराबर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम नै सजाय हुन मागदावी लिइएको। | **फैसलाः**<br>प्रतिवादी कलानन्द माझीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसूर गरेको ठहर्छ। सो ठहर्नाले सोही दफा बमोजिम कसूरको मात्रा अनुसार **प्रतिवादी कलानन्द माझी लाई ४(चार) महिना कैद र रु १०,०००/-(दश हजार) जरिवना हुने ठहर्छ।** प्रतिवादी शेखर माझी र प्रभात शाहीले मुख्य प्रतिवादी कलानन्द माझिलाई दावीको कसूरमा सहयोग पुऱ्याइ मतियारको रुपमा कार्य गरेकोले सो दफा ११ को कसूरमा ऐ. दफा २२ को कसूर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादीहरु **शेखर माझी र प्रभात शाहीलाई कसूरको मात्रा अनुसार जनही २(दुई) महिना कैद र रु ५,०००/- जरिवना हुने ठहर्छ।प्रतिवादी मिनराज शर्मा** उपरको आरोपदावी पुग्न नसकी आरोपीत कसूरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०५/०७ मा फैसला भएको।<br>**प्रतिवादी कलानन्द माझीको हकमा आरोप मागदावी बमोजिम कसूर स्थापित भई सजाय भएको देखिँदा निजको हकमा पुनरावेदन नगर्ने निर्णय भएको।**<br>**विशेष अदालत काठमाडौंले प्रतिवादी मिनराज शर्मालाई सफाई दिने गरी फैसला गर्दा र प्रतिवादीहरु शेखर माझी र प्रभात शाहीलाई आरोपदावी भन्दा फरक हुने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको।**<br>**क.** कलानन्द माझीले नै कन्ट्रोल लिष्ट ल्याइ केन्द्राध्यक्ष प्रतिवादी मिनराज शर्मालाई दिएका र पछी संशोधित कन्ट्रतोल लिष्ट समेत निज कलानन्द माझिले नै केन्द्राध्यक्ष मिनराज शर्मालाई दिएका, परीक्षा वोर्डबाट प्रासर कन्ट्रोल लिष्ट अन्यथा होला भनी आशंका गर्नुपर्ने स्थिति र अवस्था नभएको, कन्ट्रोल लिष्टमा भएको परीक्षार्थीको नाम बमोजिम नै परिक्षामा सामेल भइ परीक्षा सञ्चालन भएको, प्रतिवादी मिनराज शर्मा र ख्य कसुरदार प्रतिवादी कलानन्द माझिबिच मिलेमतो रहे भएको मिसिल संलग्न कागजात तथा प्रतिवादी मिनराज शर्माको कार्यबाट देखिन नआएको र सहप्रतिवादीले निजलाई पोल समेत नगरेको अवस्थामा आरोपित कसूरमा प्रतिवादीको संलग्नता रहेको भनी भन्न मिल्ने देखिएन।<br>**ख.** प्रतिवादी मध्येका शेखर माझी कन्ट्रोल लिष्ट परिवर्तन भएबाट आफै लाभान्वित हुने व्यक्ति भएका र प्रतिवादी प्रभात शाही पनि मुख्य कसुरदारसँग सम्पर्कमा | **क.** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ ले मतियारलाई सजायमा यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई त्यस्तो कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ। तर कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसूर गरेवापत नगदी, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफुले लिने मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ भनी व्यवस्था गरेको। कन्ट्रोल लिष्ट परिवर्तन गरी प्रतिवादी शेखर माझीको सट्टा प्रतिवादी प्रभात शाहीले जाँच दिँदा प्रतिवादी मध्येका शेखर माझी कक्षा ११ पास भई उक्त वारदातबाट लाभ लिने र प्रतिवादी प्रभात शाही लाभ उपलब्ध गराई दिने व्यक्ति हुन भन्नेमा कुनै द्विविधा रहेको देखिदैन। सम्मानित विशेष अदालतको फैसलामा समेत यी दुई प्रतिवादीहरु लाभ लिन र लाभ उपलब्ध गराई दिने प्रतिवादीहरु होइनन् भनि उल्लेख भएको वा विवेचना गरिएको पाँइदैन। यसरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा लाभ लिने र उपलब्ध गराउने मतियारलाई मुख्य कसुरदार सरह सजाय हुन्छ भन्ने प्रष्ट व्यवस्था रहेको र विशेष अदालतको फैसलामा समेत प्रतिवादी मध्येका शेखर माझी कन्ट्रोल लिष्ट परिवर्तन भएबाट आफै लाभाम्वित हुने व्यक्ति भएका र प्रतिवादी प्रभात शाही पनि मुख्य कसुरदारसँग सम्पर्कमा रही मुख्य कसूरदारको कार्यमा मतियारको रुपमा सहयोगी भई मुख्य कसुदारलाई आपराधिक कार्य गर्नमा सहयोग पुऱ्याएको देखिन आयो भनी स्वयम् विशेष अदालतले फैसलामा प्रतिवादीहरु शेखर माझी र प्रभात शाहीले लाभ लिएको भनी कसूरमा स्वीकार गरेको तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादी कलानन्द माझीलाई हुने सजाय बराबर प्रतिवादी शेखर माझी र प्रभात शाहीलाई सजाय नगरेको फैसला त्रुटीपुर्ण रहेको,<br>**ख.** मिति २०७५।१।३० देखी २०७५।२।९ सम्म कर्णाली माध्यामिक विद्यालय जुम्लामा संचालन भएको कक्षा ११को विज्ञान संकाय परीक्षा संचालनको क्रममा मैले राष्ट्रिय परीक्षा बोर्ड कोहलपुरबाट कन्ट्रोल लिष्ट ल्याई सम्बन्धित स्कूलमा बुझाउने एवं परीक्षाको प्रयोगात्मक अंक दिई सम्बन्धित परीक्षा केन्द्रमा बुझाउने कार्य गरेको थिए। उक्त मितिको एउटा कन्ट्रोल लिष्टमा प्रभात शाही सिम्बोल नम्बर १६३०००६५, रजिष्ट्रेशन नम्बर ७५६३०१०७४ र अर्को कन्ट्रोल लिष्टमा शेखर माझी सिम्बोल नम्बर १३६०००६५, रजिष्ट्रेशन नम्बर ७५६३०१०७४ उल्लेख भएको देखिएको र मैले फरक फरक विवरण भएको दुईवटा कन्ट्रोल लिष्ट केन्द्राअध्यक्ष मिनराज शर्मालाई उपलब्ध गराएको हुँ भनि कलानन्द माझीले अनुसन्धानमा वयान गर्दा खुलाई लेखेको र कर्णाली माध्यामिक विद्यालयका तत्कालिन केन्द्राध्यक्ष मिनराज शर्माले समेत निज कलानन्द माझीले गरेको बयानलाई नै समर्थन गर्दै मिति ०७५।०१।३० देखि २०७५।०२।०९ सम्म सञ्चालन भएको परीक्षाको लागि परीक्षा संचालन हुनु भन्दा केही दिन अगाडी कलानन्द माझीले एउटा कन्ट्रोललिष्ट उपलव्ध गराएको जसमा सिम्बोल नं.१६३०००६५ का र रजिष्ट्रेशन नं. ७५६३१०७४ को विद्यार्थी प्रभात शाहीको नाम उल्लेख भई प्रवेशपत्र पनि जारी भएको थियो भने परीक्षाको ४/५ दिन पछी पुनः निजले अर्को कन्ट्रोल लिष्टमा सिम्बोल नम्बर १६३०००६५ र रजिष्ट्रेशन नम्बर ७५६३१०७४ को विद्यार्थी शेखर माझी भनेर सच्चाएर दिई पछिल्लो कन्ट्रोल लिष्टमा शेखर माझी कायम भएको थियो भनी खुलाई लेखाइ दिएबाट केन्द्राध्यक्ष मिनराज शर्माले कलानन्द माझीसंगको मिलेमतोमा एकै सिम्बोल नम्बर र रजिष्ट्रेशन नम्बरमा प्रभात शाही र शेखर माझी उल्लेख भएको दुईबटा कन्ट्रोल लिष्ट बुझी मिति २०७५।०१।३० गतेको अंग्रेजी विषय र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रही मुख्य कसूरदारको कार्यमा मतियारको रुपमा सहयोगी भई मुख्य कसुदारलाई आपराधिक कार्य गर्नमा सहयोग पुऱ्याएको देखिन आएबाट प्रतिवादीहरु दुवै जुना शेखर माझि र प्रभात शाहीले मुख्य कसूरदार कलानन्द माझिको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसूरको सहयोगी भइ दफा २२ को मतियारको कसुर गरेको देखिन आएको। | मिति २०७५।०२।०१ गतेको फिजिक्स बिषयको शेखर माझीले दिनुपर्ने परीक्षा प्रभात शाहीले दिएको भन्ने पूर्ब थाहा/जानकारी हुँदाहुदै पनि केन्द्राध्यक्षले निर्वाह गर्नुपर्ने दायित्व एवं जिम्मेवारी पूरा नगरी गैर कानूनी रुपमा परीक्षामा सहभागी हुन दिएको, निज शेखर माझी आफुले दिनुपर्ने परीक्षामा सहभागी नभई आफ्नो सिम्बोल नम्बर १६३०००६५ बाट प्रभात शाहीलाई परीक्षा दिन लगाएको र निज प्रभात शाही शेखर माझीको सट्टामा उपस्थित भई परीक्षा दिएबाट सरकारी कागजात गैर कानूनी रुपले सच्चाई थपघट गरी पुनःअर्को कन्ट्रोल लिष्ट बनाउने कसूर अपराधमा प्रतिवादी शेखर माझीलाई कक्षा ११ को फिजिक्स विषयको परीक्षा पास गराई निज प्रतिवादी शेखर माझी र अर्का प्रतिवादी कलानन्द माझीलाई लाभ पुऱ्याउने/लिने कार्य गरी मतियारको भूमिका निर्वाह गरेको स्पष्ट रहेको अवस्थामा निज प्रतिवादी मिनराज शर्मालाई आरोप दावीबाट सफाई दिई भएको फैसला त्रुटीपूर्ण एवं वदरयोग्य रहेको,<br><br>**ग.** भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको, |
| २ | **प्र. सन्तोष साह, राम नारायण साहु सुडी, दिनानाथ धोबी र नविन पुन**<br>(वि.अ. को मु.नं. ०७७-CR-००२८),<br>वि.अ. को फैसला मिति २०८०।०६।०५) | **सरकारी रकम हिनामिना हानि नोक्सानी गरी भ्रष्टाचार गरेको।** | सन्तोष साह र दिनानाथ धोबीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) एवं सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको समेत भ्रष्टाचारको कसुरमा हानि नोक्सानीको बिगो रु. ७,९२,५५९/४० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम जरिबाना र कैद सजाय हुन साथै हिनामिना हानि नोक्सानी भएको रकम रु. ७,९२,५५९/४० सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज आरोपितहरू सन्तोष साह र दिनानाथ धोबीबाट असुल उपर हुन,<br>नबिन पुनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले नबिन पुनलाई हानी नोक्सानीको बिगो रु. ७,९२,५५९/४० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम | **फैसलाः**<br>प्रतिवादीहरु सन्तोष साह, राम नारायण साहु सुडी, दिनानाथ धोबी र नविन पुनले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०६/०५ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादीहरु सन्तोष साह, राम नारायण साहु सुडी, दिनानाथ धोबी र नविन पुनलाई आरोपदावीबाट सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** प्रतिवादीहरुले अदालत बाहिर गरेको बयान स्वतन्त्र रुपमा गरेको पुष्टी नभएकोले त्यसलाई प्रमाण ऐनको दफा ९ बमोजिम निर्णायक प्रमाणको रुपमा लिन मिल्ने देखिएन।<br>**ख.** मिसिल सामेल रहेका प्रतिवेदनबाट के कति कार्य सम्पन्न भएको, के कति बाँकी रहेको भन्ने तथ्युक्त स्पष्ट र ठोस विवरण खुलेको देखिन नआएको र फरक फरक प्रतिवेदन र भनाई रहेको अवस्थामा केवल उजुरीको आधारबाट मात्रै प्रतिवादीले भ्रष्टाचार गरे भनी ठहऱ्याउन कानून न्यायको रोहमा नमिल्ने।<br>**ग.**फिल्ड प्रतिवेदनको पेटबोली र निष्कर्ष व्यहोरा पनि फरक फरक र विरोधाभासपूर्ण देखिएको तथा मिसिल संलग्न प्रमाणबाट पनि प्रतिवेदन व्यहोरा खण्डित भएको | **क.** चिराग कन्स्ट्रक्सन एण्ड सप्लाएर बुटवलका सञ्चालक नबिन पुनले अनुसन्धानको क्रममा बयान गर्दा हाकिम सन्तोष साहले भने अनुरूप मेरो फमको नाउबाट बहादुरगञ्ज शाखाको नाउमा बीजक नं. ५ मिति २०७७।०३।१९ गते र कृष्णनगर शाखाको बीजक नं. ४ मिति २०७७।०३।१९ बाट दुईवटा भ्याट बिल जारी भएको हो तर मबाट काम भएको छैन। बरामद कागजको टुक्रा हेरे, उक्त कागजमा उल्लेख भए बमोजिम रु. ६,५४,०००/- राम नारायण साह सुडीको नाउमा जम्मा गरि दिन पठाएको हो । सन्तोष साहले भने बमोजिम राम नारायण साह सुडीको नाममा रहेको कृषि विकास बैकको खाता नं. १००५८००४३५५९००१३ मा रु. ६,५४,०००/- जम्मा गरी दिनको लागि सरस्वती रानालाई मेरो फमको चेक दिएको हु। मेरो फमबाट जारी भएको बीजक नं. ४ को रु. ३६८२२४/२५ र बीजक नं. ५ को रु. ३६८२२४/२५ गरी जम्मा रु. ७,३६,४४०/५० मेरो खातामा जम्मा भए पश्चात् १३% भ्याट रकम र अडिट खर्च बाहेकको रु.६,५४,०००/- चेक मार्फत दिएको हु। उक्त बिल बमोजिमको काम मेरो फमबाट भएको छैन। साथै सन्तोष साहले अनुसन्धानमा ततिम्बा वयान गर्दा चिराग र भावना भन्ने निर्माण सेवा हुन। निजहरूबाट कुनै काम भएको छैन। निजहरूबाट कोटेसन सहितको बिल मगाई भुक्तानी भएको र निजहरूले भ्याटको रकम कटाई बाकी रकम मेरो बुबाको खातामा राखी दिएका हुन भनी बयान गरेको,<br><br>**ख.** अनुसन्धानको क्रममा दिननाथ धोबीले बयान गर्दा कृष्णनगर र बहादुरगञ्जमा इनार मर्मत गर्न भनि कम्प्रेसर मेशिन ल्याई दुबै ठाउँमा करिब ८/१० घण्टा चलेको देखेको हुँ। कम्प्रेसर मेशिन कहाँबाट ल्याएको हो थाहा भएन, कार्यालय प्रमुख सन्तोष साहले मलाई कुनै कागजात नदेखाई दस्तखत गर्न बाध्य पारेका हुन। वहाँले को-कसलाई भुक्तानी दिए थाहा छैन। निर्माण सम्पन्न कागजातमा भएको सहीछाप मेरो हो। दुबै इनारमा मर्मत भएको होइन, कार्यालय प्रमुख सन्तोष साहले कागजात नदेखाई मलाई दस्तखत गर्न बाध्य पारेका हुन। के-कति भुक्तानी भयो मलाई थाहा छैन। मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन सन्तोष साहले आफै तयार गरी मलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सजाय गरी बिगो रु. ७,९२,५५९/४० असुल उपर गरी जफत हुन र राम नारायण साहु सुडीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को कसुरको मतियारको कसुरमा निज राम नारायण साहु सुडीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांशमा उल्लेख भए बमोजिम मुख्य कसुरमा सन्तोष साहलाई हुने सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिइएको। | देखिदा त्यस्तो प्रतिवेदनलाई कसूर ठहर गर्ने मुख्य आधार बनाउन मिल्ने देखिएन।<br>**घ.** प्रतिवादी नविन पुन सञ्चालक रहेको चिराग कन्स्ट्रक्सनले प्रतिवादी रामनारायण साह सुढीको नाउँमा खातामा रु ६,५४,०००/- जम्मा गरेको र प्रतिवादी साहको साथबाट सो सम्बन्धी चिट बरामद भएको सम्बन्धमा आरोप मागदावी नदेखिंदा सो सम्बन्धमा थप विवेचना गर्नु पर्ने देखिएन।<br>**ङ.** कम्प्रेसर भाडामा ल्याइ बेल डेभलोपमेन्ट गरेको र पम्पलाई हुन जस्तो काँटा बनाई झिकेको भन्ने समेत बेहोराको स्थलगत सर्जमिन मुचुल्का र सोही मुचुल्काको बेहोरालाई समर्थन हुने गरी सरकारी साक्षीगरुले हदालतमा गरेको बकपत्र रहेको तथा स्थलगत प्रतिवेदनमा के कुन काम हुन नसकेको हो स्पष्ट विवरण खुलेको नदेखिएको। | जबरजस्ती दस्तखत गराएका हुन भनी बयान गरेको,<br>**ग.** स्थलगत अनुगमनको क्रममा देख्न सकिने गरी कुनै कार्य भए/गरेको पाइएन। शाखा कार्यालय कृष्णनगर र उप-शाखा कार्यालय बहादुरगञ्ज परिसरमा १/१ वटा गरी २ वटा वेलहरू मर्मत भएको भनी भुक्तानी भएको भएता पनि वेलहरु मर्मत भई सञ्चालनमा आएको नपाइएकोले मर्मत कार्य सम्पन्न नहुँदै पुर्ण भुक्तानी हुनु त्रुटि पुर्ण देखिन्छ। साथै कृष्णनगर शाखा कार्यालय परिसरभित्र मर्मत भएको भनिएको वेलमा पम्प नखसेको बुझिएकोले वेलबाट पम्प झिकेर जडान गरेको भनी भुक्तानी भएकोले हुदै नभएको कामको भुक्तानी भएको पाइयो भन्ने मिति २०७७।०६।०७ को सुरेश भुसाल समेतको प्रतिवेदनबाट देखिन्छ भने सो प्रतिवेदनको तथ्यलाई सुरेश भुसालले अदालत समक्ष उपस्थित भई बकपत्र गरी पुष्टाई समेत गरेको।<br>**घ.** मिति २०७७।०४।२५ गते नेपाल खानेपानी संस्थान बुटवलका इन्जिनियर सन्तोष साहलाई नियन्त्रणमा लिई खानतलासी हुँदा स्रोत नखुलेको नगद रु.२,३३,५००/-, बैंकमा रकम जम्मा गरेका भौचरहरु तथा मोबाइल समेत बरामद भएको र मुचुल्कामा भएको सहिछाप हाम्रो हो भन्ने विकाश भण्डारी समेतको घटना विवरण कागज, सरस्वती रानाबाट राम नारायण साहु सुडीको नाममा कृषि विकास बैकको खाता नम्बर १००५८००४३५५९००१३ मा रु. ६,५४,०००/- रकम जम्मा गरेको, आयोगको डिजिटल फरेन्सिक युनिटबाट मिति २०७७।०४।३२ गते प्राप्त मोबाइल परीक्षण प्रतिवेदन अध्ययन विश्लेषण गर्दा आरोपित सन्तोष साहले नेपाल खानेपानी संस्थान बुटवलमा कार्यरत पलम्बर टीकाराम रानालाई १२ जुलाई २०२०, तदनुसार मिति २०७७।०३।२८ गते SMS गरी राम नारायण साहू सुडीको नामको कृषि विकास बैकको खाता नम्वर १००५८००४३५५९००१३ सहित भावना ४१२५०० र चिराग ६५६००० लेखि पठाएकोमा २०७७।०३।३० गते रु. ४१०,५००/- र मिति २०७७।०४।०१ गते रु. ६,५४,०००/- रकम सरस्वती रानाले सोही खातामा जम्मा गरी दिएको निजको कागज र कृषि विकास बैकको बैक विवरणबाट स्पष्ट खुल्न आएको देखिन्छ। वेल रिह्याब कार्य सम्पन्न भएको कारणले सो को नाप जाँच गरी भुक्तानी उपलब्ध गराई पाउँ भनी चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवलका सञ्चालक नविन पुनले मिति २०७७।०३।१९ गते दिएको दुईवटा छुट्टा छुट्टै निवेदनमा सन्तोष साहले लेखा शाखालाई बिल अनुसार भुक्तानी दिनु हुन भनी तोक लगाएकोमा मिति २०७७।०३।२१ गते लेखा शाखाबाट गोस्वारा भौचर तयार गरी रु. ३,९६,२७९/७० का दरले दुईवटा बिलको रु. ७,९२,५५९/४० (सात लाख बयानब्बे हजार पाँच सय उनान्साठी रुपैयाँ चालीस पैसा) रकम चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवललाई भुक्तानी भएको आयोगको कार्यालय बुटवलको च.नं. ५२९४ मिति २०७७।०६।०९ गतेको पत्रसाथ खानेपानी संस्थान शाखा कार्यालय कृष्णनगरबाट प्राप्त भौचर सहितका कागजातहरूबाट देखिएको हुँदा नेपाल खानेपानी संस्थान शाखा कार्यालय कृष्णनगरका इन्जिनियर सन्तोष साह, चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवलका नबिन पुन र साइट सुपरभाइजर दिननाथ धोबीले हुदै नभएको काम सम्पन्न भएको भनी झूटा कागजातहरू तयार गरी नेपाल सरकारको सम्पत्ति बदनियत तरिकाले हिनामिना हानी नोक्सानी गरी आफू समेतलाई फाइदा हुने भ्रष्टाचारजन्य कार्य गरेको पुष्टी हुने,<br>**ङ.** मिति २०७७।०४।२५ गते आरोपित सन्तोष साहबाट बरामद सेतो कागजको टुक्रामा भावना ४१२५०० र चिराग ६५६००० लेखी हिसाब गरिएको चिट (कागजको टुक्रा) सम्बन्धमा नेपाल खानेपानी संस्थान शाखा कार्यालय कृष्णनगर र बहादुरगञ्जको कार्यालय परिसरमा रहेको इनार मर्मत (वेल रिह्याब) गर्ने भनी रु. ३,९९,७९०/२७ का दरले दुईवटा इनारको रु.७,९८,५८०/५४ को लागत इस्टिमेट तयार गरी बजेट निकासा गराएकोमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवलका सञ्चालक नबिन पुनसँग सम्पर्क गरी इनार मर्मतको काम सम्पन्न भइसकेको भनी कोटेसन सहितको भ्याट बिल मागी लिई कामै नगरी निर्माण सम्पन्न भएको झूटा प्रतिवेदन तयार गरी गराई आरोपितहरू सन्तोष साह र दिनानाथ धोबी समेतले नगद रु. ७,९२,५५९/४० (सात लाख बयानब्बे हजार पाँच सय उनान्साठी रुपैयाँ चालीस पैसा) रकम चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवलका सञ्चालक नबिन पुनलाई भुक्तानी दिई उक्त रकम मध्ये रु.६,५४,०००/- आरोपित सन्तोष साहको बाबु राम नारायण साहु सुडीको खातामा जम्मा गर्न लगाई नेपाल सरकारको सम्पत्ति बदनियत पूर्वक हिनामिना हानी नोक्सानी र आफुलाई गैर कानुनी लाभ हुने कसुर गरेको पुष्टि हुने,<br><br>**च.** प्रतिवादी दिनानाथ धोबी, नविन पुनले गरेको अनुसन्धानको बयान, मिति २०७७।०६।०७ को सुरेश भुसाल को प्रतिवेदन, मिति २०७७/००६/०५ गते राजेन्द्र रैदास लगायतका मानिसले गरेको कागजको व्यहोरा, मोवाइल परिक्षण प्रतिवेदन, कृषि विकास बैकको बैक विवरण, मिति २०७७।०३।२१ गते लेखा शाखाबाट गोस्वारा भौचर तयार गरी रु. ३,९६,२७९/७० का दरले दुईवटा बिलको रु. ७,९२,५५९/४० (सात लाख बयानब्बे हजार पाँच सय उनान्साठी रुपैयाँ चालीस पैसा) रकम चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवललाई भुक्तानी गरेको बिल, सरस्वती रानाबाट राम नारायण साहु सुडीको नाममा कृषि विकास बैकको खाता नम्बर १००५८००४३५५९००१३ मा रु. ६,५४,०००/- रकम जम्मा गरेको बैंक भौचरबाट मिति २०७७।०४।२५ गते आरोपित सन्तोष  साहबाट बरामद सेतो कागजको टुक्रामा भावना ४१२५०० र चिराग ६५६००० लेखी हिसाब गरिएको चिट (कागजको टुक्रा) सम्बन्धमा नेपाल खानेपानी संस्थान शाखा कार्यालय कृष्णनगर र बहादुरगञ्जको कार्यालय परिसरमा रहेको इनार मर्मत (वेल रिह्याब) गर्ने भनी रु. ३,९९,७९०/२७ का दरले दुईवटा इनारको रु.७,९८,५८०/५४  को लागत इस्टिमेट तयार गरी बजेट निकासा गराएकोमा चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवलका सञ्चालक नबिन पुनसँग सम्पर्क गरी इनार मर्मतको काम सम्पन्न भइसकेको भनी कोटेसन सहितको भ्याट बिल मागी लिई कामै नगरी निर्माण सम्पन्न भएको झूटा प्रतिवेदन तयार गरी गराई आरोपितहरू सन्तोष साह र दिनानाथ धोबी समेतले नगद रु. ७,९२,५५९/४० (सात लाख बयानब्बे हजार पाँच सय उनान्साठी रुपैयाँ चालीस पैसा) रकम चिराग कन्स्ट्रक्सन एण्ड सप्लायर बुटवलका सञ्चालक नबिन पुनलाई भुक्तानी दिई उक्त रकम मध्य रु.६,५४,०००/- आरोपित सन्तोष साहको बाबु राम नारायण साहु सुडीको खातामा जम्मा गरी भ्रष्टाचारजन्य कसूर गरेको स्पष्ट देखिने,<br><br>**छ.** प्रतिवादी नारायण साहू सुडीको मृत्यु भै सकेको देखिंदा निजको हकमा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १३३ को उपदफा (२) बमोजिम बिगो वा क्षतिपुर्तीको हकमा पुनरावेदन नगरिएको तर प्रतिवादी राम नारायण साहु सुडीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को कसुरको मतियारको कसुर भएकोले निज राम नारायण साहु सुडीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्याम्समा उल्लेख भए बमोजिम मुख्य कसुरमा सन्तोष साहलाई हुने सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो खुलेको देखिंदा प्रतिवादी नारायण साहू सुडीबाट बिगो असुल उपर गर्ने तर्फ मात्र पुनरावेदन गरिएको,<br><br>**ज.** दुई विपरीत खालका अभिव्यक्ति मिसिल सामेल रहेकोमा अदालतले स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कथनलाई प्रमाणमा लिनुपर्ने हुन्छ। अधिकारप्राप्त अधिकारी समक्षको साबिती र अदालत समक्षको इन्कारी मध्ये कुनलाई प्रमाणमा ग्रहण गर्ने भन्ने सन्दर्भमा कुन कथन अन्य प्रमाणबाट समर्थित हुन्छ भन्ने कुरा नै अदालतले निष्कर्ष निकाल्ने आधार हो। अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त गरेका कुरा प्रमाण शून्य हुने होइनन्। न त प्रतिवादीहरूको अदालत समक्षको इन्कारी नै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अकाट्य प्रमाण मानिने हो। अदालतसमक्ष इन्कारी गर्दा अधिकारप्राप्त अधिकारी समक्ष के कुन कारण र कसरी साबित बनाइयो भन्ने कुराका हकमा व्यक्त गरेको कुरामा अदालतले ध्यान दिनुपर्ने। प्रमाण ऐन, २०३१ को दफा ९(२) ले व्यवस्था गरेका भय, त्रास, प्रलोभन समेतका अबस्था देखिएमा अभियुक्तको अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाण नलाग्ने हुन्छ। अभियुक्तले अधिकार प्राप्त अधिकारी समक्ष कुनै कुरा व्यक्त गर्दाको अवस्थाको सचेतता, यातना, धम्की र प्रलोभन दिएको थिएन भन्ने प्रत्याभूति प्रमाणित गर्नुपर्दछ। तर, यी अवस्थाको जिकीर र आधार भने मिसिलबाट देखिनु पर्ने भनी सर्वोच्च अदालतबाट (बमबहादुर बस्नेत समेत विरुद्ध नेपाल सरकार ने.का.प २०७० भाग ६ निर्णय नं. ९०२२) सिद्धान्त प्रतिपादित भएको। |
| ३ | **प्र. रामदेव पण्डित, हरिकृष्ण श्रेष्ठ, शकुन्तला राई(बास्तोला), प्रकाशकुमार यादव, तिलक राजबंशी, कृष्णप्रसाद पोखरेल र सोभितलाल यादव**<br>(वि.अ. को मु.नं. ०७८-CR-००७६),<br>वि.अ. को फैसला मिति २०८०।०५।१७) | **सरकारी सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको।** | रामदेव पण्डितले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रु.७,००,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम निजले हानि नोक्सानी गरेको बिगो रु.७,००,०००।–निज प्रतिवादीबाट असुल उपर गरी पाउन, हरिकृष्ण श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रु.३,५२,४८०।- बिगो कायम गरी ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम निजले हानि नोक्सानी गरेको बिगो रु.३,५२,४८०।- निज प्रतिवादीबाट असुल उपर गरी पाउन<br>शकुन्तला राई(बास्तोला)ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रु.६,३१,२००।- बिगो कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम निजले हानि नोक्सानी गरेको बिगो रु.६,३१,२००।- निज प्रतिवादीबाट असुलउपर गरी पाउन<br>, प्रकाशकुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रु.३,३८,२४०।- | **फैसलाः**<br>प्रतिवादीहरु रामदेव पण्डित, हरिकृष्ण श्रेष्ठ, शकुन्तला राई(बास्तोला), प्रकाशकुमार यादव, तिलक राजबंशी, कृष्णप्रसाद पोखरेल र सोभितलाल यादवले आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०५/१७ मा फैसला भएको अवस्था छ ।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको।**<br>**क.** प्रतिवेदनको बेहोरा र मिसिल संलग्न प्रमाण कागजातहरुबाट उक्त केन्द्रमा चरम लापरवाही भएको, सम्बन्धित व्यवस्थापन र जिम्मेवार कर्मचारीहरुले एकाई संचालन गर्दा व्यवस्थापकीय कामहरुमा लापरवाही गरेको देखिए तापनी प्राप्त कागजातहरुका आधारमा तयार भएको छानबिन प्रतिवेदनबाट बिक्री गरीएका बंगुरहरुको तौल दावी बमोजिम नै थियो भनेर ठोस र निर्विवाद रुपमा भन्न सकिने अवस्था भने देखिदैन।<br>**ख.** प्रतिवेदकहरुको बकपत्र बेहोराबाट फार्ममा रहेका स्वस्थ बंगुरहरुको तौलसँग तुलना गरेर बिक्री गरिएका बंगुरको तौल निकालिएको देखिन्छ। विज्ञहरुको वकपत्र बेहोराबाट बंगुरको तौल कायम गर्ने कुनै निश्चित स्वीकृत बैज्ञानिक मापदण्ड रहेको र त्यसै आधारमा तौल कायम गरिएको भन्ने अवस्था देखिएन, तौल कायम गर्दा त्यहाँ रहेका अन्य स्वस्थ बंगुरहरुको तौलसँग तुलना गरी, विज्ञहरुको ज्ञान र अनुभवको आधारमा तौल तथा बिगो कायम गरेको रहेछ भन्ने देखिन आयो।<br>**ग.** मिसिल प्रमाणहरुबाट बिक्री गरिएका बंगुरहरु कसलाई के-कति रकममा बिक्री गरियो भन्ने देखिन्छ तर ती बंगुर किन्ने मानिसहरुलाई बुझ्ने कार्य भएको भने देखिँदैन। किन्ने मानिसहरुले के कति रकम तिरेर ती बंगुरहरु किनेका हुन् भन्ने तथ्य उजागर हुन सकेको छैन। किन्ने मानिसहरुसँग समेत मिलोमतो नभई कसूर हुन संभव देखिदैन। बिक्रि गरिएका बंगुर बारदातस्थलमा हेरिएको वा ती बरामद भएको अवस्था होइन, केही बर्षअघि नै बिक्री वितरण भएका बंगुरका | **क.** क्षेत्रीय कृषि अनुसन्धान केन्द्र तरहरा सुनसरीको बंङ्गुर अनुसन्धान इकाईबाट बंङ्गुर बिक्री गर्नको लागि बिक्री गर्ने बंङ्गुरको तौल एकिन गरी बंङ्गुर बिक्री गर्ने प्रयोजनको लागि Culling Card प्रयोग गरी त्यसमा Measured गर्ने, Certified गर्ने, Recommended गर्ने, Admin, Store, Account बाट प्रामणित गर्ने र Approved गर्ने एउटा समितिकै माध्यमबाट बिक्री गर्ने प्रकृया रहेको देखिन्छ । सो प्रकृया बमोजिम Measured by भन्ने स्थानमा शकुन्तला राई र प्रकाश कुमार यादवले, Certified by भन्ने स्थानमा प्रकाश कुमार यादव र शकुन्तला राईले, Recommended by मा रामदेव पण्डितले Admin र Store भन्ने स्थानमा स्टोर प्रमुख तथा प्रशासन प्रमुख कृष्ण प्रसाद पोखरेलले र Account सोभितलाल यादव र तिलक राजबंशीले र Approved by Regional Director भन्ने स्थानमा हरिकृष्ण श्रेष्ठ र रामदेव पण्डितले दस्तखत गरेको साथै निजहरुले बयानको क्रममा सो स्थानमा भएको दस्तखत आफ्नै हो भनी सनाखत समेत गरेको,<br>**ख.** क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहरा, सुनसरीका हालका बङ्गुर अनुसन्धान इकाई प्रमुख बरिष्ठ प्राविधिक अधिकृत मुकेश कार्कीले उक्त अनुसन्धान केन्द्रमा दिएको प्रतिवेदन अनुसार क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहरा, सुनसरीको बङ्गुर अनुसन्धान इकाईको Culling Card अनुसार ५७ वटा बङ्गुर बिक्री गर्दा कैफियत रहेको देखिन आएको तथा उक्त अनुसन्धान केन्द्रमा दिएको प्रतिवेदन अनुसार ५७ वटा बङ्गुरहरुको बिक्री गर्दा भएको सरकारी हानि नोक्सानीको बिषयमा भएको प्राबिधिक मूल्याङ्कनको तालिकाले वास्तविक तौल भन्दा ४३७५ के.जी. तौल कम देखाई बिक्री गरिएको र तत्कालीन समयमा जीवित बङ्गुरको बजार मूल्य प्रति के.जी. रु.१६०।- का दरले हुन आउने रु.७,००,०००।- सरकारी नोक्सानी गराइएको देखिन्छ भन्ने व्यहोराको क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहराको च.नं. २५६ मिति २०७६।१०।२२ गतेको पत्रबाट देखिन्छ भने सो प्रतिवेदनको व्यहोरा र सहिछाप मेरो हो भनी अदालत समक्ष उपस्थित भई वकपत्र गरी पुष्टी समेत गरेको,<br>**ग.** राम बहादुर के.सी समेतले मिति २०७५/०५/२० गते पेश गरेको प्रतिवेदनमा बंगुर ब्रिकी गरी काटिएको बील भन्दा Culling card को संख्या कम भएको पाइयो। Culling card नै नभरी पनि बंगुर बिक्री गरेको पाइयो। बिक्री गरिएका बंगुरहरुमध्ये ५७ बंगुरहरुको अत्यन्त कम तौल कायम गरी बिक्री गरिएको पाइयो भनी उल्लेख भएको र राय सुझावमा चरम लापरवाही भएको उल्लेख भएको देखिन्छ भनी प्रतिवेदन पेश गरेको देखिन्छ। सो प्रतिवेदनको व्यहोरा ठिक साँचो हो भनी प्रतिवेदक राम बहादुर के.सी, सागर पौडेल, समय गैह्रे समेत बकपत्र गरी पुष्टी गिदिएका छन् भने रमेश घिमिरेले समेतले मिति २०७६/१०/१४ मा पेश गरेको प्रतिवेदनको व्यहोरा र सोमा भएको दस्तखत मेरो हो भनी अदालतमा उपस्थित भइ वकपत्र गरेकोबाट प्रतिवादीहरुले ५७ वटा बङ्गुरहरुको ४३७५ के.जी. तौल कम देखाई बिक्री गरेको र तत्कालीन समयमा जीवित बङ्गुरको बजार मूल्य प्रति के.जी. रु.१६०।- का दरले हुन आउने रु.७,००,०००।— सरकारी रकम नोक्सानी गराइएको देखिएको,<br>**घ.** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिगो कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम निजले हानि नोक्सानी गरेको बिगो रु.३,३८,२४०।- निज प्रतिवादीबाट असुल उपर गरी पाउन<br>, तिलक राजबंशीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रु.३,१०,२४०।- बिगो कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम निजले हानि नोक्सानी गरेको बिगो रु.३,१०,२४०।–निज प्रतिवादीबाट असुल उपर गरी पाउन<br>, कृष्णप्रसाद पोखरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ. ऐनको दफा १७ ले निर्देश गरेबमोजिम बिगो रु.७,००,०००।बिगो कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम निजले हानि नोक्सानी गरेको बिगो रु.७,००,०००।–निज प्रतिवादीबाट असुल उपर गरी पाउन<br>र सोभितलाल यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ. ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रु.३,१८,७२०।- बिगो कायम गरी ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम निजले हानि नोक्सानी गरेको बिगो रु.३,१८,७२०।– निज प्रतिवादीबाट असुल उपर गरी पाउन मागदावी लिईएको। | सम्बन्धमा छानबिन गरी अभियोन भएको अवस्थामा बंगुर खरिदकर्तातर्फ कुनै अनुसन्धान नै नगरी आरोपपत्र दायर हुनुले अनुसन्धानको एउटा पाटो नै अपुरो रही वादीदावी खम्बीर हुन सक्ने अवस्था देखिँदैन।<br>**घ.** देवर्षि सापकोटा विरुद्ध नेपाल सरकार समेत भएको भ्रष्टाचार मुद्दामा (नि.नं. १०३७६) "भ्रष्टाचार जस्तो गम्भीर कसुरमा अभियोग लगाउँदा एवं कसुर कायम गर्दा प्रस्ट रूपमा सबुद प्रमाणहरूबाट पुष्टि हुनुपर्ने र त्यस्तो सबुद प्रमाण प्रत्यक्षरूपमा हुनु र देखिनु पर्ने।कसैले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउँछ भने त्यसरी दोष वा अभियोग लगाउन मात्र पर्याप्त हुँदैन, सो कुरा प्रमाणको आधारमा पुष्टि पनि गर्नुपर्छ।प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान, आशंका र अन्दाजको भरमा लिइएको अभियोग दाबीबाट अभियुक्तलाई कसुरदार ठहऱ्याई सजाय दिनु फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत हुनुका साथै शंकाको सुविधा अभियुक्तले पाउने।" भनी व्याख्या भएको पाइन्छ। उल्लिखित नजिर एवं सिद्धान्तहरु समेतका आधारमा प्रतिवादीहरुका विरुद्धको आरोपदावी शंकारहित तबरबाट पुष्टी हुन सकेको देखिएन। | सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बद्नियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा सजाय हुने कानूनी व्यवस्था रहेको छ।विशेष अदालतले फैसलाको खण्ड ५५ मा प्रतिवेदनको बेहोरा र मिसिल संलग्न प्रमाण कागजहरुबाट उक्त केन्द्रमा चरम लापरवाही भएको, सम्बन्धित व्यवस्थापन र जिम्मेवार कर्मचारीहरुले एकाई संचालन गर्दा व्यवस्थापकीय कामहरुमा लापरवाही गरेको देखिएको भनी अदालतले प्रतिवादीहरुले गरेकोमा कार्यलाई लापरवाही स्वीकार गरि सकेको अवस्थामा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम कसूर ठहर गरी सजाय गर्नु पर्नेमा सफाई दिने गरी गरेको फैसला त्रुटीपुर्ण रहेको,<br><br>**ङ.** भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्त्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने भनी ने.क.पा २०७६ निर्णय नं. १०३८७ मुद्दाः भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले प्रतिपादित सिद्धान्त विपरित विशेष अदालतले गरेको फैसला बदर भागी रहेको,<br><br>**च.** भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको, |